**प्रशासन** असार २०७९, वर्ष ५३, अङ्क १, पूर्णाङ्क १३५, ८०-९८
© २०७९ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan.v53i1.46317
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN:2822-1974 Online

# सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्ध र चुनौती

**रमेश अर्याल***

## लेखसार

सङ्घीय शासन प्रणाली बहुतहको शासकीय अभ्यास हो। नेपालको संविधानमा शासकीय संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्ने उल्लेख छ। नेपालको संविधानमा नै सङ्घ, प्रदेश तथा स्थानीय तहका एकल तथा साझा अधिकार सूची उल्लेख गरिएको छ। नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ। सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध, सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोग व्यवस्थित गर्न विभिन्न ऐन तथा विषयगत कानुनहरू निर्माण गरिएको छ । तीन ओटै तहको अन्तरसम्बन्धलाई व्यवस्थित गर्न विभिन्न संरचनागत व्यवस्था पनि भएको छ। यद्यपि सङ्घ, प्रदेश र स्थानीय तहका साथै सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तह र स्थानीय तहबिच बेला बेलामा विवादहरू देखा परेको पाइन्छ ।

***शब्दकुञ्जी:*** *सङ्घीयता, शासन प्रणाली, अन्तरसम्बन्ध, सहकारिता, सहअस्तित्व, समन्वय*

## १. पृष्ठभूमि

एउटै भूगोल र एउटै जनतालाई फरक फरक विषयमा भिन्न भिन्न तहका सरकारले शासन गर्ने व्यवस्था सङ्घीय शासन व्यवस्था हो। यो विभिन्न तहका सरकारले एक आपसमा मिलेर शासन सञ्चालन गरी राष्ट्रको समग्र विकास र नागरिकका अपेक्षाहरू पूरा गर्ने व्यवस्था हो। सङ्घीय शासन प्रणालीमा एकभन्दा बढी तहका सरकारले संविधानले दिएको अधिकारको प्रयोग गर्दै आफ्नै नीति, नियम तथा कानुनबाट शासन सञ्चालन गर्छन्। नेपालको संविधानको प्रस्तावनामा सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य

** सहसचिव, नेपाल सरकार*

*इमेलः rmsaryal79@gmail.com*

व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने उल्लेख छ। संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने परिकल्पना गरेको छ। नेपालको संविधानको धारा ५६(१) ले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा नेपालको राज्यशक्तिको प्रयोग संविधान तथा कानुनबमोजिम गर्ने उल्लेख छ।

नेपालमा सङ्घ, ७ प्रदेश र ७५३ स्थानीय तह (२९३ नगरपालिका र ४६० गाउँपालिका) छन्। सङ्घीय कानुनबमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने व्यवस्था गरिएको छ। यसका साथै संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानुनी राज्य, शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने प्रावधान रहेको छ।

सङ्घ तह नेपालको राज्य संरचनाको एकाइ हो। यसको कार्यक्षेत्र नेपालभर रहन्छ, जसको निर्धारण संविधानको अनुसूची ५, ७ र ९ मा गरिएको छ। यसका अतिरिक्त अन्य कुनै तहलाई स्पष्ट रूपमा नतोकिएको अवशिष्ट अधिकारबमोजिमको कार्य जिम्मेवारी संविधानको धारा ५८ बमोजिम सङ्घले प्रयोग गर्ने गरी व्यवस्था गरिएको छ। संविधानले सङ्घलाई नेतृत्वदायी, समन्वयकारी र सहजीकरण गर्ने भूमिका दिएको छ। सङ्घले कार्यकारिणी अधिकार नेपाल सरकारको नामबाट प्रयोग गर्दछ।

सङ्घीय संरचनाभित्र सात प्रदेशको रहेका छन् । संविधानले दिएको अधिकार क्षेत्रभित्र रही राज्यशक्तिको प्रयोग गरी तोकिएको भूगोलभित्र शासन सञ्चालन गर्ने राजनीतिक एकाइ प्रदेश हो। कार्यक्षेत्रको हिसाबले प्रदेशले सङ्घ र स्थानीय तहका बिचमा पुलको रूपमा पनि काम गर्नुपर्ने हुन्छ। प्रदेशमा प्रदेश सभाले विधायिकी अधिकार प्रयोग गर्दछ भने प्रदेश मन्त्रिपरिषद्ले कार्यकारिणी अधिकार प्रयोग गर्दछ।

स्थानीय तह नेपालको राज्य संरचनामा नागरिकको सबैभन्दा नजिकको शासकीय एकाइ हो । स्थानीय तहअन्तर्गत नगरपालिका (महानगर र उपमहानगर समेत), गाउँपालिका र जिल्ला सभा पर्दछन्। स्थानीय तहहरू संविधान र गाउँ सभा तथा नगर सभाले बनाएको कानुनको अधीनमा रही राज्यशक्तिको प्रयोग गर्ने र तोकिएको भूगोलभित्र शासन सञ्चालन गर्ने अधिकारप्राप्त राजनीतिक एकाइ हुन्। यीमध्ये नगरपालिका र गाउँपालिकाले संविधानले दिएको राज्यशक्तिको प्रयोग गर्दछन्। संविधानले नगरपालिका र गाउँपालिकालाई आफ्नो अधिकारक्षेत्रमा कानुन बनाई लागु गर्ने अधिकार दिएकाले नेपालका स्थानीय तह अधिकार सम्पन्न र स्वायत्त छन्। नगरपालिकामा नगर सभाले विधायिकी र नगर कार्यपालिकाले कार्यकारिणी अधिकार प्रयोग गर्दछ। गाउँपालिकामा गाउँ सभाले विधायिकी र गाउँ कार्यपालिकाले कार्यकारिणी अधिकार प्रयोग गर्दछ। यस्तै नगरपालिका र गाउँपालिकामा न्यायिक समितिमार्फत

नागरिकलाई कानुनबमोजिम तोकिएका विषयहरूमा विवादको निरूपण गर्ने र न्याय प्रदान गर्ने अधिकार रहेको छ।

जिल्ला भित्रका नगरपालिका र गाउँपालिकाहरूबिच समन्वय गर्न, विकास निर्माण कार्यहरूको अनुगमन गर्न र तिनीहरूको क्षमता अभिवृद्धि गर्न नगरपालिका र गाउँपालिकाहरूले जिल्ला सभाको गठन गर्दछन्। जिल्ला सभाको तर्फबाट जिल्ला समन्वय समितिले कार्य गर्दछ। यसलाई विधायिकी अधिकार भने दिइएको छैन।

## २. तीन तहका सरकारको भूमिका

संविधानमा सङ्घको अधिकार अनुसूची ५ मा, प्रदेशको अधिकार अनुसूची ६ मा, सङ्घ र प्रदेशको साझा अधिकार अनुसूची ७ मा, स्थानीय तहको अधिकार अनुसूची ८ मा र सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची ९ मा उल्लेख गरिएको छ।

सङ्घको अधिकार सूचीमा राष्ट्रिय सुरक्षा, शान्ति सुरक्षा, वित्त तथा मौद्रिक नीति, अन्तर्राष्ट्रिय सम्बन्ध, नागरिकता, ठुला पूर्वाधार योजना, सङ्घीय निजामती सेवा लगायत ३५ ओटा विषय तोकिएको छ। प्रदेशको अधिकारअन्तर्गत प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा, रेडियो, एफ. एम., टेलिभिजन सञ्चालन, प्रदेश निजामती सेवा, प्रदेश तथ्याङ्क, प्रदेशस्तरको विद्युत, सिँचाइ र खानेपानी सेवा, परिवहन, स्वास्थ्य सेवा, भूमि व्यवस्थापन, जग्गाको अभिलेख, कृषि तथा पशु विकास, खानी अन्वेषण र व्यवस्थापन, गुठी व्यवस्थापन लगायतका २१ विषय तोकिएको छ।

सङ्घ र प्रदेशको साझा अधिकारमा फौजदारी तथा देवानी कार्यविधि, आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन, वैज्ञानिक अनुसन्धान, पर्यटन, खानेपानी तथा सरसफाइ, गरिबी निवारण, औद्योगिकीकरण, विज्ञान प्रविधि, मानव संसाधन विकास, रोजगारी र बेरोजगार सहायता लगायत २५ विषय उल्लेख छन्। स्थानीय तहको अधिकार सूचीमा नगर प्रहरी, सहकारी संस्था, एफ. एम. सञ्चालन, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य लगायतका २२ विषय उल्लेख छन्। सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा सहकारी, शिक्षा, खेलकूद, स्वास्थ्य, कृषि, खानी तथा खनिज, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा र गरिबी निवारण लगायतका १५ विषय उल्लेख छन्।

संविधान बाहेक अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६, सहलगानीसम्बन्धी कार्यविधि २०७७, समपूरक तथा

विशेष अनुदानसम्बन्धी कार्यविधि, नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३/१०/१८ को कार्य विस्तृतीकरण प्रतिवेदनले सङ्घीय एकाइहरूको जिम्मेवारी थप स्पष्टता ल्याएको छ। कार्य विस्तृतीकरण प्रतिवेदनअनुसार सङ्घको ८७०, प्रदेशको ५६५ र स्थानीय तहको ३६० गरी कुल १,७१५ प्रकृतिका कार्य र क्रियाकलापको पहिचान गरिएको छ।

सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने गर्छन्। सङ्घले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागु हुने गरी आवश्यक नीति, कानुन र मापदण्ड बनाउनसक्ने, सङ्घ, प्रदेश र स्थानीय तहले आआफ्नो तहको बजेट बनाउने तथा प्रदेश र स्थानीय तहले बजेट पेस गर्ने समय सङ्घीय कानुनबमोजिम हुने संविधानमा उल्लेख छ।

सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्छन्। तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरेबमोजिम हुन्छ।

वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारलाई मात्र रहेको छ। सङ्घ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्छ। सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुन्छ।

प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुन्छ। नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्छ भने प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानुनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्छ। नेपाल सरकारले सङ्घीय सञ्चित कोषबाट प्रदान गर्ने ससर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरणसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुने उल्लेख छ।

## ३. सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्धका सिद्धान्त

नेपालको संविधानको धारा २३२ को उपधारा (१) ले सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ।

**सहकारिता**ले सङ्घ, प्रदेश र स्थानीय तहले अधिकारको प्रयोग, विकास निर्माणका कार्य, सार्वजनिक सेवा प्रवाह र स्रोतसाधनको बाँडफाँट गर्दा सम्बन्धित तहहरू एक अर्कासँग मिलेर वा सहकार्यमा गर्ने प्रणालीलाई

जनाउँछ। यसका लागि सम्बन्धित तहहरूले कानुनी प्रक्रिया निर्धारण गर्न सक्छन्। सामान्यतया साझा अधिकारक्षेत्रको प्रयोग गर्दा सहकार्य बढी नै अपरिहार्य रहेको हुन्छ।

**सहअस्तित्व**ले सङ्घ, प्रदेश र स्थानीय तहले अर्को तहको अस्तित्वलाई समान महत्त्व दिई संविधानले निर्दिष्ट गरेको परिधिभित्र रहेर आफ्नो अधिकारको प्रयोग गर्न स्वतन्त्र हुने विषयलाई जनाउँछ। कुनै पनि तहको समानता स्वीकार गरी एकले अर्कालाई सोहीअनुरूपको व्यवहार गर्नु सहअस्तित्वको मर्म हो। सामान्यतया एकल अधिकारक्षेत्रको प्रयोगमा तहगत सरकारबिच अहस्तक्षेप र सम्बन्धित तहको कार्यगत स्वायत्तताको सम्मानलाई सहअस्तित्वको महत्त्वपूर्ण पक्ष मानिन्छ।

**समन्वय**ले सङ्घ, प्रदेश र स्थानीय तहले मिलेर काम गर्ने प्रणालीलाई जनाउँछ। संविधानमा व्यवस्था गरिएको साझा अधिकारको प्रयोग गर्न पनि सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय हुनुपर्छ। समन्वयले कुनै तहहरूकाबिच कुनै विवाद उत्पन्न भएमा त्यसको समाधानका लागि संवाद र आपसी समझदारीको आधारमा सो विवाद समाधान गर्ने कार्यलाई जनाउँछ।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्धका आधारहरू

सङ्घ, प्रदेश र स्थानीय तहबिच ठाडो र तेर्सो सम्बन्ध रहेको हुन्छ। ठाडो सम्बन्धले सङ्घ, प्रदेश र स्थानीय तह, सङ्घ र प्रदेश, सङ्घ र स्थानीय तह, प्रदेश र स्थानीय तहबिचको सम्बन्धलाई जनाउँछ। तेर्सो सम्बन्धले सङ्घका विभिन्न निकायहरूबिच, प्रदेशहरूबिच र स्थानीय तहहरूबिच हुने सम्बन्धलाई जनाउँछ। संविधानले सङ्घ, प्रदेश र स्थानीय तहलाई संविधानको अधीनमा रही तोकिएको अधिकार प्रयोग गर्न स्वायत्तता प्रदान गरेको छ। यसका साथै तहगत सरकारबिच संरचनागत र कार्य जिम्मेवारीको आधारमा हुने विभिन्न प्रकृतिका सम्बन्धको पनि व्यवस्था गरिएको छ ।

### ४.१ सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध

सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयका साथै देहायबमोजिम हुन्छ।

- नेपाल सरकारले राष्ट्रिय महत्त्वका विषयमा र प्रदेशहरूबिच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषद्‌लाई संविधान र सङ्घीय कानुनबमोजिम आवश्यक निर्देशन दिनसक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेश मन्त्रिपरिषद्‌को कर्तव्य हुन्छ।
- कुनै प्रदेशमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनतामा गम्भीर असर पर्ने किसिमको कार्य भएमा राष्ट्रपतिले त्यस्तो प्रदेश मन्त्रिपरिषद्‌लाई आवश्यकताअनुसार सचेत गराउन, प्रदेश मन्त्रिपरिषद् र प्रदेश सभालाई बढीमा छ महिनासम्म निलम्बन गर्न वा विघटन गर्नसक्छ।

- सङ्घीय शासन कायम रहेको अवस्थामा सङ्घीय संसदले अनुसूची ६ बमोजिमको सूचीमा परेको विषयमा कानुन बनाउनसक्ने र त्यस्तो कानुन प्रदेश सभाले अर्को कानुन बनाई खारेज नगरेसम्म बहाल रहने व्यवस्था छ।
- नेपाल सरकारले आफै वा प्रदेश सरकारमार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई संविधान र सङ्घीय कानुनबमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिनसक्छ। त्यस्तो निर्देशनको पालन गर्नु गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्तव्य हुन्छ।

त्यसै गरी तीन तहबिचको सम्बन्ध सङ्घीय कानुनबमोजिम हुने संवैधानिक व्यवस्थाबमोजिम २०७७ सालमा लागु भएको सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐनमा सम्बन्धका आधारहरू निम्नानुसार तय गरेको छ:

- राष्ट्रिय हितका आधारभूत विषय,
- राष्ट्रिय गौरव र एकताको संरक्षण,
- राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको पालना र कार्यान्वयन,
- मौलिक हकको कार्यान्वयन,
- राष्ट्रिय नीतिको सम्मान तथा कार्यान्वयनमा योगदान,
- संविधानका व्यवस्थाहरूको समग्रता र सामञ्जस्य,
- लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादउन्मुख अर्थतन्त्र निर्माण,
- संविधानको अधीनमा रही साझा हित र सरोकारको विषयमा अधिकारको प्रयोग गर्दा अर्को तहको अस्तित्व र कार्यगत स्वायत्तताको सम्मान,
- नेपाली नागरिकबिच समान व्यवहार र सुरक्षा,
- कानुन, नीति र न्यायिक वा प्रशासनिक निर्णय कार्यान्वयनमा आपसी समन्वय, परामर्श, सहयोग तथा सूचनाको आदानप्रदान,
- प्राकृतिक तथा भौतिक स्रोतको संरक्षण,
- प्राकृतिक, भौतिक तथा वित्तीय स्रोतको दिगो व्यवस्थापन र लाभको न्यायोचित वितरण,
- भ्रष्टाचार निवारण र सुशासन प्रवर्द्धन,
- पारस्परिक सहयोग र सहकार्य,
- समानुपातिक समावेशी तथा सहभागितामूलक शासन व्यवस्था अवलम्बन,
- नागरिकलाई प्रदान गर्ने सेवाको प्रभावकारिता,
- व्यापार, वस्तुको ढुवानी र सेवाको विस्तारमा आपसी सहयोग र समन्वय, र
- सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय तथा अन्तरसम्बन्ध कायम गर्ने सम्बन्धमा प्रचलित कानुनमा व्यवस्था भएका अन्य विषय।

## ४.२ अन्तरप्रदेश सम्बन्धको आधार

प्रदेशहरूले आफ्नो कार्य सम्पादन गर्न तथा प्रदेशभित्रका नागरिकहरूलाई सेवा प्रदान गर्न संविधानका प्रावधान र मर्मभित्र रही एक अर्कासँग सम्बन्ध स्थापित गर्न सक्छन्। संविधानको धारा २३३ ले प्रदेश प्रदेशबिचको सम्बन्धमा निम्न व्यवस्था गरेको छ:

- एक प्रदेशले अर्को प्रदेशको कानुनी व्यवस्था वा न्यायिक एवम् प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नुपर्ने,
- एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो, सरोकार र हितको विषयमा सूचना आदानप्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्य र विधायनका बारेमा आपसमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्नसक्ने,
- एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानुनबमोजिम समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनुपर्ने।

## ४.३ सङ्घले प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय र परामर्श गर्ने विषयहरू

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ अनुसार नेपाल सरकारले संविधानको अनुसूची ७ मा उल्लेखित साझा अधिकारका विषयमा कानुन र नीति बनाउँदा, दुई वा दुईभन्दा बढी प्रदेशहरूको अनुरोधमा संविधानको अनुसूची ६ मा उल्लेखित विषयमा कानुन तथा नीति बनाउँदा, राष्ट्रिय महत्त्वका ठुला परियोजना, अन्तरप्रदेशस्तरीय परियोजना वा कार्यक्रम सञ्चालन गर्दा आवश्यकताअनुसार सम्बन्धित प्रदेश सरकारसँग समन्वय र परामर्श गर्नुपर्छ।

नेपाल सरकारले प्रदेशले समेत पालना वा कार्यान्वयन गर्नुपर्ने गरी राष्ट्रिय योजना तथा नीति बनाउँदा, अन्तरप्रदेशमा सञ्चालन हुने राष्ट्रिय सडक, विद्युतीय प्रसारण लाइन तथा अन्तरप्रदेशस्तरीय सिँचाइ वा यस्तै प्रकृतिका योजना सञ्चालन गर्दा, प्रदेशको अधिकार सूचीमा पर्ने विषयमा सन्धि वा सम्झौता गर्दा र नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य विषयमा पनि प्रदेश सरकारसँग समन्वय गर्छ।

नेपाल सरकारले स्थानीय तहले समेत पालना वा कार्यान्वयन गर्नुपर्ने गरी राष्ट्रिय योजना तथा नीति बनाउँदा स्थानीय तहसँग आवश्यकताअनुसार समन्वय र परामर्श गर्दछ। त्यस्तै नेपाल सरकारले संविधानको अनुसूची ९ मा उल्लिखित साझा अधिकारको विषयमा कानुन तथा नीति बनाउँदा, राजश्वको बाँडफाँट तथा नयाँ कर प्रणाली लागु गर्ने क्रममा सोको नीतिगत विषयमा र प्राकृतिक स्रोत तथा त्यसको लाभको बाँडफाँट गर्दा आवश्यकताअनुसार प्रदेश र स्थानीय तहसँग समन्वय र परामर्श गर्छ।

प्रदेश सरकारसँग सरोकार भएका अन्य विषय र संविधानको धारा ५८ बमोजिमको अवशिष्ट अधिकारको विषयमा कानुन तर्जुमा गर्दा नेपाल सरकारले आवश्यकताअनुसार प्रदेश सरकारसँग परामर्श र समन्वय गर्ने, प्रदेशले संविधानको अनुसूची ७ र ९ बमोजिम साझा अधिकारको सूचीमा उल्लिखित विषयमा कानुन

र तथा नीति बनाउँदा नेपाल सरकारको विषयगत मन्त्रालय वा निकायसँग समन्वय र परामर्श गर्ने व्यवस्था छ। स्थानीय तहले संविधानको अनुसूची ९ मा उल्लिखित विषयमा कानुन तथा नीति बनाउँदा नेपाल सरकारको विषयगत मन्त्रालयसँग समेत समन्वय र परामर्श गर्ने, प्रदेशले संविधानको अनुसूची ९ बमोजिमको साझा अधिकारको सूचीमा उल्लिखित विषयमा कानुन तथा नीति बनाउँदा आफ्नो र प्रदेशभित्रका स्थानीय तहसँग समन्वय र परामर्श गर्ने व्यवस्था छ।

### ४.४ प्रदेश र स्थानीय तह तथा अन्तर स्थानीय तहबिचको सम्बन्ध

प्रदेश र स्थानीय तह तथा अन्तरस्थानीय तहबिचको सम्बन्ध संविधानमा उल्लेखित आधारहरूका अतिरिक्त प्रदेश र स्थानीय तहले स्थानीय आवश्यकताअनुसार अन्तरसम्बन्धको आधार निर्धारण गर्छन्। एक स्थानीय तहले अर्को स्थानीय तहसँग सहकार्य वा सम्झौता गरी सेवा प्रदान गर्न सक्ने कानुनी व्यवस्था छ। यसैगरी सङ्घ र प्रदेशले स्थानीय तहलाई स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा, स्थानीय तहको अधिकार क्षेत्रको विषयसँग सम्बन्धित समानान्तर कार्यालय खारेज गरी गाउँपालिका तथा नगरपालिकाको विषयगत एकाइ वा शाखाको क्षमता विकास गर्ने कार्यमा सहयोग गर्नुपर्ने व्यवस्था छ। त्यस्तै स्थानीय तहको समन्वयमा योजना सञ्चालन गर्ने र स्थानीय तहबाट कार्यान्वयन गर्दा बढी प्रभावकारी हुने योजनाहरू सङ्घ र प्रदेशले स्थानीय तहबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाई स्रोतसाधन हस्तान्तरण गर्ने, सङ्घले स्थानीय तहका लागि नमुना कानुनको ढाँचा उपलब्ध गराउने, स्थानीय तहको निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने र स्थानीय तहको सशक्तीकरण गर्न अन्य आवश्यक काममा सहयोग गर्नुपर्ने व्यवस्था छ।

## ५. कानुन वा नीति बनाउँदा विचार गर्नुपर्ने विषयहरू

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहले कानुन वा नीति बनाउँदा धेरै कुरामा विचार गर्नुपर्छ। सङ्घले आफ्नो एकल वा साझा अधिकारको विषयमा कानुन वा नीति बनाउँदा प्रदेश र स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने, लागत, दिगोपन वा सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले कुनै विषयको कार्यान्वयन प्रदेश वा स्थानीय तहबाट उपयुक्त हुने, कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका रहने विषयमा ध्यान दिनुपर्ने उल्लेख गरेको छ।

प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कानुन वा नीति बनाउँदा सङ्घ वा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने, सङ्घीय कानुनसँग बाझिन नहुने, राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने, कुनै विषयको कार्यान्वयन स्थानीय तहबाट गर्दा लागत, दिगोपन, सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले उपयुक्त हुने, कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी सम्भव भएसम्म स्थानीय तहको भूमिका रहने विषयमा ध्यान दिनुपर्ने उल्लेख गरेको छ।

स्थानीय तहले आफ्नो एकल वा साझा अधिकारको विषयमा कानुन वा नीति बनाउँदा सङ्घ वा प्रदेशको एकल अधिकारको अतिक्रमण नगर्ने, सङ्घीय तथा प्रदेश कानुनसँग बाझिन नहुने, राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने, प्रदेशको नीति तथा प्राथमिकता अनुकूल हुने र कार्यान्वयनमा सघाउ पुग्ने र कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने विषयमा ध्यान दिनुपर्छ।

## ६. नेपालमा तीन तहबिचको अन्तरसम्बन्ध

सङ्घ, प्रदेश र स्थानीय तहबिच विधायकी, राजनीतिक तथा कार्यपालिकीय,न्यायिक, वित्तीय, प्रशासनिक लगायतको अन्तरसम्बन्धलाई देहायअनुसार उल्लेख गर्न सकिन्छ:

### ६.१ विधायिकी अन्तरसम्बन्ध र समन्वय

- सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय कायम गर्न सङ्घीय संसदले आवश्यक कानुन बनाउन सक्ने।
- तीन ओटै तहको साझा अधिकारको विषयमा सबै तहले कानुन बनाई लागु गर्नसक्ने तर स्थानीय तहले प्रदेश र सङ्घीय कानुनसँग नबाझिने गरी तथा प्रदेशले सङ्घको कानुनसँग नबाझिने गरी कानुन बनाउन सक्ने।
- सङ्घीय शासन कायम रहेको अवस्थामा सङ्घीय संसदले अनुसूची ६ बमोजिमको सूचीमा परेको विषयमा कानुन बनाउनसक्ने र त्यस्तो कानुन सम्बन्धित प्रदेश सभाले अर्को कानुन बनाई खारेज नगरेसम्म बहाल रहने।
- दुई वा दुईभन्दा बढी प्रदेशले एकल अधिकारक्षेत्रभित्रको कुनै विषयमा कानुन बनाउन नेपाल सरकारसमक्ष अनुरोध गरेमा सङ्घीय संसद्ले सम्बन्धित प्रदेशको हकमा मात्र लागु हुने गरी त्यस्तो कानुन बनाइदिन सक्ने।
- नेपाल सरकारले प्रदेश तथा स्थानीय तहले बनाउने कानुनको नमुना उपलब्ध गराउन सक्ने।
- स्थानीय तहको कार्यकारिणी अधिकार सम्बन्धमा अन्य व्यवस्था सङ्घले कानुन बनाएर गर्ने।
- जिल्ला सभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा जिल्ला सभासम्बन्धी अन्य व्यवस्था प्रदेश कानुनबमोजिम हुने।
- सङ्घीय संसद प्रदेश सभा तथा स्थानीय तहले व्यवस्थापन विधि तथा काम कारबाहीमा सामञ्जस्य तथा एकरूपता कायम गर्नका लागि सहकार्य गर्ने र यसका लागि सूचना आदानप्रदान छलफल वा परामर्श गर्ने।

### ६.२ राजनीतिक तथा कार्यपालिकीय अन्तरसम्बन्ध

- सङ्घ र प्रदेशबिच तथा प्रदेश र प्रदेशबिच उत्पन्न राजनीतिक विवाद समाधानका लागि प्रधानमन्त्रीको अध्यक्षतामा प्रदेश सरकार तथा स्थानीय तह समेत संलग्न अन्तरप्रदेश परिषद्को व्यवस्था रहेको।

- सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय र अन्तरसम्बन्ध व्यवस्थित गर्न प्रधानमन्त्रीको अध्यक्षतामा प्रदेश सरकार तथा स्थानीय तह समेत संलग्न राष्ट्रिय समन्वय परिषद्को व्यवस्था रहेको।
- प्रदेश र स्थानीय तहबिच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबिचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशमा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषद्को व्यवस्था रहेको ।
- सङ्घ, प्रदेश र स्थानीय तहबिच विषयगत क्षेत्रमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउने उद्देश्यले नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रीको अध्यक्षतामा विषयगत समितिको व्यवस्था रहेको।
- नेपाल सरकारले राष्ट्रिय महत्त्वका विषयमा र प्रदेशहरूबिच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषद्लाई संविधान र सङ्घीय कानुनबमोजिम आवश्यक निर्देशन दिनसक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेश मन्त्रिपरिषद्को कर्तव्य हुने।
- कुनै प्रदेशमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनतामा गम्भीर असर पर्ने किसिमको कार्य भएमा राष्ट्रपतिले त्यस्तो प्रदेश मन्त्रिपरिषद्लाई आवश्यकताअनुसार सचेत गराउन, प्रदेश मन्त्रिपरिषद् र प्रदेश सभालाई बढीमा छ महिनासम्म निलम्बन गर्न वा विघटन गर्नसक्ने।
- नेपाल सरकारले आफै वा प्रदेश सरकारमार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई संविधान र सङ्घीय कानुनबमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिनसक्छ। त्यस्तो निर्देशनको पालना गर्नु गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्तव्य हुने।
- नेपालभर एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेशको क्षेत्रमा कुनै व्यक्तिको आवागमन तथा पेसा व्यवसाय गर्न, वस्तु वा सेवाको विस्तार वा ढुवानीमा बाधा गर्न वा रोक लगाउन वा कुनै कर शुल्क दस्तुर लगाउन वा भेदभाव गर्न नपाउने।
- प्रदेश सभाका सदस्यहरू तथा गाउँपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुख संलग्न निर्वाचक मण्डलबाट राष्ट्रिय सभाको निर्वाचन हुने।
- एक अर्को तहगत सरकारको कानुनी वा न्यायिक एवम् प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नुपर्ने।

## ६.३ न्यायिक अन्तरसम्बन्ध

- सर्वोच्च अदालतले आफ्नो र आफ्नो अधिकारक्षेत्रभित्र पर्ने अदालत, विशिष्टीकृत अदालत वा अन्य न्यायिक निकायहरूको न्याय प्रशासन वा व्यवस्थापनसम्बन्धी विषयमा निरीक्षण, सुपरिवेक्षण गर्न आवश्यक निर्देशन दिनसक्ने।
- सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबिचको अधिकारक्षेत्रको बारेमा भएको विवाद निरूपणका लागि सर्वोच्च अदालतमा संवैधानिक इजलास रहने।

- प्रत्येक प्रदेशमा उच्च अदालत रहने।
- जिल्ला अदालतका फैसलाउपर उच्च अदालतमा पुनरावेदन लाग्ने।
- उच्च अदालतलाई रिट सुन्ने अधिकारक्षेत्र रहने।
- उच्च अदालतका फैसलाउपर कानुनी सिद्धान्तको अनुकूल व्याख्यामा त्रुटी भएको भन्ने आधारमा सर्वोच्च अदालतमा दोहोऱ्याई पाउन जान सकिने।
- जिल्ला अदालतले आफ्नो मातहतका न्यायिक निकायहरूको निरीक्षण एवम् सुपरिवेक्षण गर्न आवश्यक निर्देशन दिनसक्ने।
- आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न गाँउपालिका र नगरपालिकामा न्यायिक समितिको व्यवस्था भएको। न्यायिक समितिको निर्णयउपर जिल्ला अदालतमा पुनरावेदन लाग्ने।

## ६.४ वित्तीय अन्तरसम्बन्ध

- सङ्घले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागु हुने गरी आवश्यक नीति, मापदण्ड र कानुन बनाउन सक्ने, सङ्घ, प्रदेश र स्थानीय तहले आआफ्नो तहको बजेट बनाउने तथा प्रदेश र स्थानीय तहले बजेट पेस गर्ने समय सङ्घीय कानुनबमोजिम हुने।
- सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्छन्। तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरेबमोजिम हुने।
- सङ्घ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने।
- सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुने।
- प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने।
- नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्छ भने प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानुनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने।
- नेपाल सरकारले सङ्घीय सञ्चित कोषबाट प्रदान गर्ने ससर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरणसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुने।

- नेपाल सरकार, प्रदेश र स्थानीय तहबिच अन्तरसरकारी वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श तथा समन्वय गर्न नेपाल सरकारका अर्थमन्त्रीको अध्यक्षतामा अन्तरसरकारी वित्त परिषद्को व्यवस्था रहेको।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकार, प्रदेश र स्थानीय तहबिच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाडँफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्दछ। सङ्घीय विभाज्य कोषमा जम्मा भएको रकममध्ये सत्तरी प्रतिशत नेपाल सरकारलाई, पन्ध्र प्रतिशत प्रदेशलाई र पन्ध्र प्रतिशत स्थानीय तहलाई बाँडफाँट गर्ने।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबिच र प्रदेश तथा स्थानीय तहबिच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्ने।
- नेपाल सरकारले सङ्घीय कानुनबमोजिम पर्वतारोहण, विद्युत, वन, खानी, खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतमा रोयल्टी लगाउन र उठाउन सक्छ। सोको बाँडफाँट गर्दा नेपाल सरकारलाई ५० प्रतिशत, सम्बन्धित प्रदेशलाई २५ प्रतिशत र सम्बन्धित स्थानीय तहलाई २५ प्रतिशत हुने।

## ६.५ प्रशासनिक अन्तरसम्बन्ध

- सङ्क्रमणकालीन प्रबन्धका रूपमा नेपाल सरकारले सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहमा कानुनबमोजिम समायोजन गर्ने।
- प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारको मापदण्ड बनाउँदा सङ्घीय संसदले मापदण्ड र आधार बनाउने।
- कुनै एक प्रकारको सङ्घीय निजामती सेवाको पदबाट अर्को प्रकारको सङ्घीय निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट सङ्घीय निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको निजामती सेवाको पदबाट सङ्घीय निजामती सेवाको पदमा वा सङ्घीय निजामती सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा लोक सेवा आयोगको परामर्शमा गर्नुपर्ने।
- नेपालको संविधानमा राज्यको राजनीतिक तथा शासकीय नीतिमा सङ्घीय एकाइबिच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर सहयोगात्मक सम्बन्ध विकास र विस्तार गर्ने उल्लेख भएको।

## ६.६ अन्य विषयमा अन्तरसम्बन्ध

- नेपाल सरकारले प्रदेश सरकारलाई समेत लागु हुने गरी विकास तथा सेवाको मापदण्ड र गुणस्तर निर्धारण गर्नसक्ने।

- नवीन प्रविधि तथा अनुसन्धानका क्षेत्रमा प्रविधि हस्तान्तरण गर्नसक्ने।
- सङ्घले प्रदेश तहको सङ्क्रमणकालीन व्यवस्थापनमा सहयोग र सहजीकरण गर्ने।
- नेपाल सरकारले दातृ निकायसँग सम्झौता गरी वैदेशिक सहयोग र ऋण लिई प्रदेश तथा स्थानीय तहका लागि उपलब्ध गराई उक्त तहहरूको विकासको कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने, प्रदेशले सङ्घ, प्रदेश र स्थानीय तहसँग आपसमा साझेदारी गरी संयुक्त योजना सञ्चालन गर्नसक्ने।
- नेपाल सरकारले साझा अधिकारका विषयमा कानुन तथा नीति बनाउँदा राजस्व बाँडफाँट तथा नयाँ कर प्रणाली लागु गर्ने क्रममा सोको नीतिगत विषयमा प्राकृतिक स्रोत तथा त्यसको लाभको बाँडफाँट गर्दा आवश्यकताअनुसार प्रदेश र स्थानीय तहसँग समन्वय र परामर्श गर्नुपर्ने।
- सङ्घ, प्रदेश र स्थानीय तहबाट संविधान तथा प्रचलित कानुनबमोजिम पारित भएका सार्वजनिक लिखतको एकीकृत अभिलेख रहने गरी नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने।
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ अनुसार आफूले सम्पादन गरेका काम कारबाहीका सम्बन्धमा प्रदेश समन्वय परिषद् र विषयगत समितिले राष्ट्रिय समन्वय परिषद्मा र राष्ट्रिय समन्वय परिषद्ले सङ्घीय संसदमा वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने।

## ७. अन्तरतह सम्बन्धका संस्थागत संरचना

सङ्घ, प्रदेश र स्थानीय तहबिच अन्तरसम्बन्धका लागि देहायका संयन्त्रको व्यवस्था छ:

**(क) अन्तरप्रदेश परिषद्:** सङ्घ र प्रदेशबिच तथा प्रदेश प्रदेशबिच राजनीतिक विवाद समाधान गर्न संविधानको धारा २३४ मा प्रधानमन्त्रीको अध्यक्षतामा अन्तरप्रदेश परिषद्को व्यवस्था छ। यस परिषद्मा नेपाल सरकारका गृहमन्त्री, अर्थमन्त्री र सम्बन्धित प्रदेशका मुख्यमन्त्री सदस्यका रूपमा हुन्छन्।

**(ख) राष्ट्रिय समन्वय परिषद्:** सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ ले सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय र अन्तरसम्बन्ध व्यवस्थित गर्न प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय समन्वय परिषद्को व्यवस्था गरेको छ। यस परिषद्मा नेपाल सरकारको अर्थमन्त्री, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री, गृहमन्त्री, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री, प्रदेश सरकारका मुख्यमन्त्रीहरू, प्रतिनिधि सभाको विपक्षी दलको नेता वा निजले तोकेको सङ्घीय संसदको सदस्य, गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुखको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तबमोजिम प्रधानमन्त्रीले तोकेका कम्तीमा तीन जना महिला सहित प्रत्येक प्रदेशबाट एक जनाको दरले सात जना सदस्य हुने व्यवस्था छ। यस परिषद् साझा अधिकारका विषयमा कानुन तथा नीति तर्जुमाको लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय गर्ने, प्रदेश तथा स्थानीय स्तरमा कार्यान्वयन हुने राष्ट्रिय हित तथा स्वार्थसँग जोडिएको विषयमा समन्वय गर्ने, राष्ट्रिय योजना, नीति तथा कानुनहरूको प्रदेश तथा स्थानीय तहमा कार्यान्वयनका सम्बन्धमा रहेका जटिलता समाधान गर्न समन्वय गर्ने, अन्तरप्रदेश तथा स्थानीय

तहलाई प्रभाव पार्ने कानुन, नीति तथा रणनीतिको तर्जुमाको सम्बन्धमा समन्वय गर्ने काम गर्छ। त्यस्तै अन्तरप्रदेश स्तरमा सञ्चालित विकासका ठुला आयोजनाहरूको कार्यान्वयनको सम्बन्धमा समन्वय गर्ने, सङ्घीयता कार्यान्वयनको सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबाट बनेका नीति, कानुन तथा योजनाको समीक्षा तथा विश्लेषण गर्ने गराउने, सङ्घ, प्रदेश र स्थानीय तहबाट हुने सेवा प्रवाहको विषयमा सामञ्जस्य कायम गर्न आवश्यक कार्य गर्ने, कानुन निर्माण तथा कार्यान्वयनको विषयमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई सुझाव दिने, र नेपाल सरकार, मन्त्रिपरिषद्, विषयगत समिति र प्रदेश समन्वय परिषद्बाट छलफलको लागि पठाएको विषयमा आवश्यकताअनुसार छलफल तथा समन्वय गर्ने काम गर्छ।

**(ग) अन्तरसरकारी वित्त परिषद्:** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकार, प्रदेश र स्थानीय तहबिच अन्तरसरकारी वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श तथा समन्वय गर्न नेपाल सरकारका अर्थमन्त्रीको अध्यक्षतामा अन्तरसरकारी वित्त परिषद्को व्यवस्था छ। यस परिषद्को सदस्यमा प्रदेशको अर्थमन्त्री, गाउँपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुखमध्येबाट प्रत्येक प्रदेशबाट एक जना महिला सहित २ जना प्रतिनिधत्व हुने गरी प्रदेशले सिफारिस गरेका १४ जना, वित्तसम्बन्धी विज्ञहरूमध्येबाट अर्थ मन्त्रालयले मनोनयन गरेका कम्ती १ जना महिला सहित ३ जना र अर्थ मन्त्रालयको सचिव सदस्य सचिव रहने व्यवस्था छ।

**(घ) प्रदेश समन्वय परिषद्:** प्रदेश र स्थानीय तहबिच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबिचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशमा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषद्को व्यवस्था छ। यस परिषद्को सदस्यमा प्रदेश सरकारको आर्थिक मामिलासम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री, आन्तरिक मामिलासम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री, प्रदेश सरकारको प्रमुख सचिव, प्रदेशभित्रका गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुखमध्येबाट कम्तीमा एक तिहाइ महिला सहित समावेशी सिद्धान्तबमोजिम प्रत्येक जिल्लाबाट एक जनाको दरले मुख्यमन्त्रीले तोकेको व्यक्ति, प्रदेश मुख्यमन्त्री कार्यालयका सचिव सदस्य सचिव रहने व्यवस्था छ। यस परिषद् प्रदेशभित्र प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना वा साझा अधिकारका विषयको कार्यान्वयनमा प्रदेश तथा स्थानीय तह र एकभन्दा बढी स्थानीय तहबिच समन्वय र अन्तरसम्बन्ध कायम गर्ने, राष्ट्रिय समन्वय परिषद्मा छलफल हुन उपयुक्त भएका विषयमा परिषद्लाई अनुरोध गर्ने र उक्त परिषद्बाट प्राप्त गरेको मार्गदर्शन पालना गर्ने काम गर्छ।

**(ङ) संवैधानिक इजलास** : संवैधानिक इजलासले सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबिचको अधिकार क्षेत्रको बारेमा भएको विवादसम्बन्धी मुद्दाको सुरु कारबाही र अन्तिम कारबाही गर्दछ।

**(च) प्रदेश सभा:** प्रदेश सभाले प्रदेश, गाउँपालिका र नगरपालिकाबिच समन्वय कायम गर्ने, प्रदेश, गाउँपालिका नगरपालिकाबिच कुनै राजनीतिक विवाद उत्पन्न भएमा तत्तत् तह र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवाद समाधान गर्ने गर्छ।

**(छ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग:** यस आयोगले सरकारका तहहरू र अन्तरतहबिच प्राकृतिक स्रोत बाँडफाँटका सम्भाव्य विवादमा अध्ययन अनुसन्धान गरी निवारणका लागि समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने, राजस्व बाँडफाँटका सम्बन्धमा विस्तृत आधार र ढाँचा तयार गर्ने, सङ्घीय सरकारले अन्य तहका सरकारहरूलाई प्रदान गर्ने अनुदानका सम्बन्धमा विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा सङ्घ, प्रदेश र स्थानीय तहको लगानी तथा प्रतिफलका हिस्सा निर्धारणको आधार तयार गरी सिफारिस गर्ने लगायतका काम गर्छ।

**(ज) विषयगत समिति** : सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ मा सङ्घ, प्रदेश र स्थानीय तहबिच विषयगत क्षेत्रमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउने उद्देश्यले नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रीको अध्यक्षतमा विषयगत समितिको व्यवस्था गरेको छ। उक्त समितिमा प्रदेश सरकारका सम्बन्धित विषयको कार्यक्षेत्र रहेका मन्त्री, अध्यक्षले तोकेको स्थानीय तहको एक जना प्रमुख वा अध्यक्ष सदस्य रहने व्यवस्था छ।

**(झ) जिल्ला सभा र जिल्ला समन्वय समिति:** संविधानले एक जिल्लाभित्र रहेका गाउँपालिका र नगरपालिकाहरूबिच समन्वय गर्न जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरेको छ। जिल्लाभित्रका स्थानीय तहबिच समन्वय गर्न जिल्ला समन्वय समितिले समेत भूमिका खेल्छ। संविधानमा भएको व्यवस्थाका साथै सङ्घ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माणसम्बन्धी कार्य र जिल्लामा रहने सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हुने कार्यको समन्वय गर्ने अधिकार सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले जिल्ला समन्वय समितिलाई तोकेको छ।

## ८. तीन तहका सरकारकाबिच विवाद भएका विषय

सङ्घ, प्रदेश र स्थानीय तह, सङ्घ र प्रदेश, सङ्घ र स्थानीय तह, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तह र स्थानीय तहबिच कानुन निर्माणदेखि विभिन्न विषयमा विवाद छ। केही विवाद देहायबमोजिम उल्लेख गरिएको छ:

**(क) सागरनाथ वन परियोजनामा अधिकार विवादः** सर्लाही, महोत्तरी र रौतहटको १३ हजार पाँच सय हेक्टर क्षेत्रफलमा फैलिएको सागरनाथ वन परियोजनालाई सङ्घीय सरकारको मन्त्रिपरिषद् बैठकले आफूमातहत ल्याउने निर्णय गरेपछि मधेस प्रदेश सरकारले प्रदेशभित्र पर्ने राष्ट्रिय वन प्रदेशमातहत

हुने तथा सोको संरक्षण र व्यवस्थापन प्रदेशले नै गर्न पाउनुपर्ने दाबी सहित सर्वोच्चमा मुद्दा दायर गरेको छ र सो मुद्दा विचाराधीन रहेको छ।

**(ख) वन ऐनमा विवादः** सङ्घीय सरकारले प्रदेशमातहत रहेका डिभिजन वन अधिकृतलाई सङ्घ मातहत ल्याउने गरी वन ऐन, २०७६ जारी गरेपछि मधेस प्रदेश सरकारले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको छ।

**(ग) प्रहरी भर्नामा विवादः** सङ्घ सरकारले प्रहरी भर्नाका लागि विज्ञापन खोलेपछि प्रदेशको अधिकारक्षेत्रमाथि अनधिकृत हस्तक्षेप भएको भन्दै मधेस प्रदेशको सरकारले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको छ।

**(घ) कालीगण्डकी तिनाउ बहुउद्देश्यीय डाइभर्सन आयोजनामा विवाद:** लुम्बिनी प्रदेशका रूपन्देही र कपिलवस्तुमा सिँचाइ पुऱ्याउने लक्ष्यसहित सङ्घीय सरकारले बनाउँदै गरेको कालीगण्डकी तिनाउ बहुउद्देश्यीय डाइभर्सन आयोजनाको गण्डकी प्रदेश सरकारले विरोध गरेको छ। गण्डकी प्रदेश हुँदै बग्ने कालीगण्डकी नदीको पानी डाइभर्सन गरेर लुम्बिनीमा पुऱ्याउँदा नदीको तटीय क्षेत्र सुक्खा हुने लगायत समस्या देखाउँदै गण्डकी प्रदेशले विरोध गरेको छ।

**(ङ) भेरी बबई डाइभर्सन आयोजनामा विवाद :** लुम्बिनी प्रदेशका बाँके र बर्दियामा बाह्रै मास सिँचाइ सुविधा पुऱ्याउने तथा ४६.८ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित सङ्घ सरकारले राष्ट्रिय गौरवको भेरी बबई डाइभर्सन आयोजना निर्माण गरिरहेकोमा कर्णाली प्रदेश सरकारले आफ्नो क्षेत्र भएर बग्ने भेरीको पानीमा हकदाबी गर्दै आयोजनाबाट बिजुली उपहार पाउनुपर्ने माग उठाउँदै आएको छ। सुरुङको प्रवेशद्वार र निकास दुवै पर्ने सुर्खेतको भेरीगंगा नगरपालिकाले पनि आयोजनाको लाभमा अधिकार खोजिरहेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले रोयल्टी बाँडफाँटको सूत्र तयार गरे पनि विशेषतः नदीको उपयोग र बिजुलीमा माग भइरहेको लाभका विषयमा टुङ्गो लगाउन नसक्दा विवाद कायम छ।

**(च) कुटनीतिक भेटघाट:** सङ्घीय सरकारको सहमति र जानकारी वेगर दातृ निकायका कुटनीतिज्ञहरूसँग प्रदेश र स्थानीय तहले भेटघाट र छलफल गरेकोप्रति सङ्घीय सरकारको असन्तुष्टि छ।

**(छ) खर्क चरिचरनः** गोरखाको बारपाक सुलिकोट गाउँपालिका र धार्चे गाँउपालिकाबिच परम्परागत खर्क चरिचरनमा सामुदायिक वनले अवरोध गरेको विषयमा विवाद भएको छ।

**(ज) बहाल करः** बहाल कर उठाउने विषयमा काठमाण्डौं महानगरपालिका र सङ्घ सरकारबिच विवाद भएको थियो।

**(झ) सीमा विवादः** प्रदेश नं.१ र मधेस प्रदेशबिच सिराहा र उदयपुर जिल्लाको चुरेको सीमानामा विवाद भएको पाइन्छ।

**(ञ) नागरिकताः** मधेस प्रदेशको कानुन तथा आन्तरिक मामिला मन्त्रालयले जन्मसिद्ध नागरिकका सन्तानलाई संविधानअनुसार वंशजका आधारमा नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन प्रमुख जिल्ला अधिकारीलाई पत्राचार गरेकोमा प्रमुख जिल्ला अधिकारीहरूले कार्यान्वयन गर्न मानेनन्।

**(ट) ढुङ्गा, गिट्टी बालुवाः** अन्तरस्थानीय तह प्राकृतिक सीमामा स्रोत साधन उपयोगमा विवाद छ।

**(ठ) भोगाधिकार:** कैलालीको चुरे गाउँपालिका र गौरीगङ्गा नगरपालिकाबिच बालुवा खोला र काली खोला क्षेत्रका ढुङ्गा गिट्टी उत्खनन र भोगाधिकारमा विवाद छ।

## ९. सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धमा देखापरेका चुनौतीहरू

सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्धका बारेमा संविधान तथा ऐनमा विभिन्न व्यवस्था गरिए तापनि प्रभावकारी रूपमा कार्यान्वयन गर्नु चुनौतीपूर्ण छ। तीन ओटै तहले आआफ्नो संवैधानिक दायित्व र सीमा बुझेर एक तहले अर्को तहलाई पूर्ण रूपमा सहयोग र समन्वय गरी काम गर्नु चुनौतीपूर्ण छ।

संविधान तथा ऐनले व्यवस्था गरेका राजनीतिक संयन्त्रहरू निष्क्रिय रहँदा तीन ओटै तहका आपसी विवाद पेचिला बन्दै गएका छन्। सङ्घ र प्रदेश तथा प्रदेश र प्रदेशबिच अधिकार लगायतका विषयलाई लिएर निम्तिने द्वन्द्व निरूपण गर्ने अन्तरप्रदेश परिषद्को हालसम्म जम्मा तीन पटक मात्र बैठक बसेको छ। सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकारमा कानुन बनाउनेदेखि ठुला आयोजना कार्यान्वयनमा तीन ओटै सरकारबिच समन्वय गर्ने सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ मा उल्लेख भएको राष्ट्रिय समन्वय परिषद् गठन नै हुन सकेको छैन। प्रदेश र स्थानीय तह तथा स्थानीय तहबिच अधिकार लगायत विवादमा समस्या आउँदा समन्वय गर्न सात ओटै प्रदेशमा भएका प्रदेश समन्वय परिषद्को भूमिका क्रियाशील हुन सकेको छैन। अत: तीन ओटै तहको समन्वयका लागि गठित परिषद्, विषयगत समिति तथा अन्य समितिहरूको बैठक नियमित बसी निर्णयको कार्यान्वयन गर्नु चुनौतीपूर्ण छ।

संविधानको अनुसूची ९ मा रहेका साझा अधिकारको सन्दर्भमा राष्ट्रिय मापदण्ड बन्न सकेको छैन। संविधानले तोकेका साझा अधिकार सूचीमा थप स्पष्टता ल्याउन कानुन निर्माण गरी कार्यान्वयनमा ल्याउनु चुनौतीपूर्ण छ। सरकारका तीन तहबिच देखिएको उर्ध्व असमानता (Vertical Inequality) समतलीय असमानता (Horizontal Inequality) लाई न्यूनीकरण गर्ने, तीन तहले सम्पादन गर्ने कार्यहरूको मानक स्थापित गर्ने, स्रोतको समन्यायिक वितरणमा जोड दिने तथा जनतामा अधिक भारको महसुस नहुने गरी राजस्व बढाउने उपाय अवलमबन गर्नुपर्ने र सहकारी सङ्घीयताको मूल्य र मान्यतालाई आत्मसात् गर्नुपर्ने चुनौती पनि छ।

राजनीतिक प्रभाव तथा दबाबले ससाना टुक्रे योजना समेत सङ्घको योजनामा समावेश गर्ने परिपाटीको अन्त्य गर्ने, साना प्रकृतिका सालबसाली आयोजना सङ्घले सञ्चालन नगर्ने गरी कटौती गर्ने र निर्माणाधीन साना आयोजना क्रमश सम्पन्न गर्ने वा प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्नु चुनौती छ। सङ्घबाट

हस्तान्तरण भएका आयोजनामा प्रदेश र स्थानीय तहले अपनत्व लिनुपर्ने र हस्तान्तरण भएका अधुरा आयोजना सम्पन्न गर्न भुक्तानीलाई प्राथमिकता दिई सङ्घले बजेट विनियोजन गरी वित्तीय हस्तान्तरण गर्नुपर्ने देखिन्छ।

सङ्घीय संरचनाबमोजिम संस्थागत संरचनाको निर्माण र व्यवस्थापन गर्नु, सबै तहमा पर्याप्त कर्मचारीको व्यवस्था गर्नु, स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गर्नु चुनौतीपूर्ण छ। प्रदेश र स्थानीय तहको खर्चको आवश्यकताको अध्ययन गरी स्रोत हस्तान्तरण र कार्यजिम्मेवारीमा तादात्म्यता कायम गर्नु, अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई समन्यायिक, वस्तुगत र यथार्थपरक बनाउन स्थानीय तहसम्मको खण्डीकृत र अद्यावधिक तथ्याङ्कको उपलब्धता गराउनु चुनौतीपूर्ण छ।

नेपाल सरकार तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदान रकमको खर्च र प्रगति विवरण स्थानीय तहले सङ्घ र प्रदेशका सम्बन्धित निकायमा समयमै उपलब्ध गराउनु पनि चुनौतीपूर्ण छ। सङ्घले प्रदेश र स्थानीय तहलाई निर्देशन दिने वा नियन्त्रण गर्ने मात्र नभई उनीहरूको कार्य सम्पादनलाई प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गर्नुका साथै उपयुक्त वातावरण पनि निर्माण गर्नुपर्ने चुनौती छ।

## १०. निष्कर्ष

सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तअनुसार हुने संवैधानिक प्रावधानबमोजिम नीतिगत, कानुनी, संस्थागत र अन्य व्यवस्था भएका छन्। यद्यपि तीन तहबिच अन्तरसम्बन्ध प्रभावकारी बनाउन अझ पनि धेरै कार्य गर्नुपर्ने देखिन्छ। संविधान तथा ऐनबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहले आआफ्नो अधिकार प्रयोग गर्दा एक अर्काको साझा चासो, सरोकार, हित र राष्ट्रिय लक्ष्यलाई ध्यान दिनुपर्छ। संविधानप्रदत्त अधिकारको महत्तम प्रयोगमार्फत तीन ओटै तहले सहयोग, सहकार्य, विकास तथा सुशासनमा प्रतिस्पर्धा गरी अन्तरसरकार सम्बन्ध र समन्वयलाई मजबुत र सुमधुर बनाउनु आवश्यक छ ।

## सन्दर्भ सामग्री

अर्याल, रमेश (२०७७), नेपालमा वित्तीय सङ्घीयताको अभ्यास र चुनौती, *उपहार,* पृ.४२-४५, राष्ट्रिय वाणिज्य बैंक।

*नेपालको संविधान, २०७२,* कानुन किताब व्यवस्था समिति (२०७२) ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (२०७६), *नेपालको सङ्घीय शासन प्रणाली,* नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ।

*रमेश अर्याल, २०७९*

पौडेल, हरि (२०७५), नेपालमा सङ्घ, प्रदेश र स्थानीय तहकाबिच सम्बन्ध र सीमा, *सोपान विशेषाङ्क*, सोपान मासिक।

बम, यम (२०७८ पुष २१), तीन तहका सरकारबिच अधिकारको लडाइँ, *नयाँ पत्रिका दैनिक* ।

भट्टराई, पूर्णचन्द्र (२०७६), *अन्तरसरकार समन्वय र वित्तीय सङ्घीयता* [कार्यपत्र]।

राष्ट्रिय योजना आयोग (२०७६), *पन्ध्रौं योजना (२०७६/७७ –२०८०/८१)*, नेपाल सरकार ।

*सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७*, कानुन किताब व्यवस्था समिति (२०७७)।